# श्री शुक्र माध्यमिक विद्यालय

## Shree Shukra Secondary School

सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECS) कार्यक्रम
मधुवन नगरपालिका-७शुक्रबस्ती ताराताल, बर्दिया
Madhuwan Municipality-7,Shukrabasti Taratal, Bardiya

पत्र संख्या : २०८२/०८३
चलानी न. : ३२६

Estd-2036

मिति : २०८२/११/०५ गते

## काठ तथा दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**दोस्रो पटक सूचना प्रकाशन मितिः २०८२/११/०५ गते मंगलबार**

यस विद्यालयमा उत्पादन भई डिभिजन वन कार्यालय, बर्दियाको मिति २०८२/०९/३० गते च.नं. २२७२ को लिलाम सहमति पत्रानुसार विद्यालय हाताको घाटगद्धीमा रहेको निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी बोलपत्रद्धारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योग वा फर्मले यो सूचना फरक समाचार राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र यस विद्यालय वा डिभिजन वन कार्यालय, बर्दियाबाट २१ औं दिनभित्र कार्यालय समयभित्र शिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनको २:०० बजेभित्र दाखिला गर्न आव्हान गरिन्छ।

तपसिल

| लट नं. | घाटगद्धी स्थान | पाईलिङ्ग नं. | क्र. सं. | जात | ग्रेड | गोलिया थान | परिमाण (घ.फि.) | दर | न्यूनतम मूल्य रु. | संकलन खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १/०८२/८३ | यस विद्यालयको हातामा रहेको घाटगद्धीमा | १ | १ | सागुन | बि | ५५ | १०२.६१ | ६०० | ६१५६६ | ३२५४४.५२ | |
| | | | काठको जम्मा | | | ५५ | १०२.६१ | ६०० | ६१५६६ | | |
| | | | सागुन दाउरा चट्टा २.०० | | | | | १२००० | २४००० | | |
| कुल जम्मा | | | | | | | | | ८५५६६ | ३२५४४.५२ | |

शर्त तथा नियमहरुः

१) बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय
क) अन्तिम मितिः २०८२/११/२५ गते सोमबार ख) समयः कार्यालय समयभित्र

२) बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय
क) अन्तिम मितिः २०८२/११/२६ गते मंगलबार ख) समयः मध्यान्ह २:०० सम्म

३) बोलपत्र फारामको दस्तुर रु. एकलाख सम्मको रु. ३००।-, रु. १ लाख देखि १० लाख सम्मको रु. १,०००।- र सो भन्दा माथीको रु. २,०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस विद्यालय वा डिभिजन वन कार्यालय, बर्दियाबाट फरक समाचार राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२/११/०५ गते मंगलबार सूचना प्रकाशित भएको मितिले २१ औं दिन भित्र खरिद गरी २२ औं दिनको अपरान्ह २ बजेसम्म यस विद्यालय वा डिभिजन वन कार्यालय, बर्दियामा दर्ता गर्न सकिनेछ।

Principal

खरिद गरिएका बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशले हुन आउने धरौटी रकम यस विद्यालयको नाममा नेपाल बैङ्क लिमिटेड, सानोश्रीमा रहेको खाता न. १५१००१०६५७६१७१००००००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश गरी पेश गर्नुपर्नेछ।

५) लिलाम बढाबढ हुने वन पैदावारहरु उपरोक्तानुसार घाटगढ्ढी स्थलमा गइ हेर्न सकिनेछ।

६) लिलाममा भाग लिन ईच्छुक काठ तथा दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति, कर चुक्ता प्रमाण पत्रको छाँयाप्रति, मु.अ.क. दर्ता प्रमाणपत्रको छाँयाप्रति वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको छाँयाप्रति (नवीकरण भएका मात्र) र सूची दर्ताको प्रमाणपत्रको छाँयाप्रति बोलपत्र साथ पेश गर्नुपर्नेछ।

७) निर्धारित गरिएको न्यूनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु यस विद्यालय वा डिभिजन वन कार्यालय, बर्दियाबाट प्राप्त भएपछि साक्षीहरुको रोहवरमा खोलिनेछ।

८) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको वा विद्यालयको सूचना पाटीमा सूचना टाँस गरिएको मितिले १० दिन भित्र सकार गरेको रकम, सङ्कलन खर्च तथा निर्धारित मूल्य अभिवृद्धि कर समेत बुझाई लिलाम चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

९) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा प्रष्ट लेख्नु पर्छ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ

१०) कटान मुछान तथा घाटगढ्ढी खर्च छुट्टै बुझाउनु पर्नेछ।

११) तोकिएको समय भित्र सकार रकम, मु.अ.कर, सङ्कलन खर्च र अन्य बुझाउनु पर्ने रकम बुझाउन नआएमा वा नबुझाएमा तत्काल धरौटी जफत गरी नियमानुसार गरिनेछ।

१२) बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस बिद्यालय वि.व्य.स.मा निहित रहने छ।

१३) अन्य जानकारीको लागि कार्यालय समयमा मो.९८४८०४६५८८/९८४८०६१८४८/९८६४७७९५३९ वा यस विद्यालयमा सम्पर्क राख्न सकिनेछ।

१४) बोलपत्र खरीद गर्ने दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको समयमा खरीद गरी क्रमशः दाखिला गर्न सकिनेछ।

एलिजा जि.सी.
प्रधानाध्यापक
Principal